# वृहत सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम संचालन कार्यविधि, २०७४

## पृष्ठभूमी

नेपालमा पाइने विभिन्न फलफूल मध्ये सुन्तलाजात फलफूल उच्च माग र निर्यात सम्भावना भएको फलफूल हो । पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मको मध्य पहाडी भागमा सुन्तलाजात फलफूलको खेती हुँदै आएको छ । नेपालको ४२ जिल्लामा व्यावसायिक सुन्तला खेती हुँदै आएको छ भने तराईका जिल्लामा कागती खेती र केही जिल्लामा जुनार खेती समेत गरी करिव ६२ जिल्लामा सुन्तलाजात फलफूल खेती विस्तार भएको पाइन्छ । आ.व.२०७२/७३ सम्म नेपालमा सुन्तलाजात फलफूल ४०,५५४ हे. मा खेती भई २,१८,४४७ मे.टन उत्पादन भएको पाईन्छ । नेपालको सुन्तलाले मंसीरदेखि माघसम्मको आन्तरिक आपूर्तिलाई धान्न सक्दछ भने फाल्गुणदेखि भारतीय सुन्तलाको आयात भएको पाईन्छ ।

पहाडी भिरालो, असिंचित पाखाहरुमा लटरम्म फल्दै आएको सुन्तला मुख्यरुपमा व्यवस्थापनको कमीले काँटछाँट, मलजल, मुख्य तथा शुक्ष्म खाद्यतत्वहरुको कमी, रोग किराको आक्रमण, जलबायू परिवर्तन, गुणस्तरहिन विरुवा रोपण, हावापानी अनुकुल नभएका क्षेत्रहरुमा समेत यो खेतीको विस्तारले गर्दा सुन्तला खेतीमा ह्रास (citrus decline) भएको पाईन्छ । रोगग्रस्त वगान मध्ये केही ग्रिनिङ्ग (हङ्गलोङ्गबिङ्ग, Huanglongbing: HLB), र ट्रिष्टीजा जस्ता संक्रामक रोगले ग्रस्त छन भने केही फाईटोप्थोरा (eg Gummosis) लगायत विभिन्न ब्यवस्थापन गर्न सकिने रोग तथा किराहरुको आक्रमणवाट ह्रास भएका छन् । नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग, फलफूल विकास निर्देशनालय, राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम समेतले यस रोगको गाम्भीर्यता वुझी छोटो अवधि ०६७।६८ देखि ०६९।७० सम्म technical cooperation project (TCP), FAO funding बाट अध्ययन गराई परिक्षण गर्दा सु–व्यवस्थापनबाट ह्रास हुन लागेका बोटहरु समेत पुनर्जिवित भएको पाइयो र नेपालको सुन्तला भनी प्रतिवेदनमा दिएकोबाट प्रभावित भई नेपाल सरकारले बगैंचा सुदृढीकरण कार्यक्रम संचालन गरेको तर कृषकस्तरमा उचित शिक्षा तथा प्रभावकारी अनुगमन तथा कार्यवाहिको न्यून ब्यवस्था हुनुले आशातित प्रतिफल प्रास हुन सकिरहेको छैन । नेपालमा सुन्तला जात फलफुलको ह्रास हुदै गरेको परिप्रेक्षमा ती पुराना बिरुवा पूर्ण रुपमा नष्ट गरी आधुनिक नर्सरी सहितको जालीघर (Screen house) बाट बिरुवा उत्पादन गरी गुणस्तरिय विरुवाबाट सुन्तला बगैंचा स्थापना गर्न र यस्को प्रचार प्रसारका लागि नमुना फर्म वा श्रोतकेन्द्र आवश्यक भएको हुँदा स्थानिय तथा राष्ट्रिय पहिचान सुन्तलाजात वाली सम्बन्धि कार्यक्रम सञ्चालन गर्न स्पष्ट कानुनी व्यवस्था नभएको परिप्रेक्ष्यमा स्पष्ट कानुनी व्यवस्था गर्न, कृषि निति-२०६१ को बुँदा नं. ८ र ९ को व्यवसायिक प्रयोजनमा उपयोग हुन र कृषि विकास रणनिति (ADS) मा ३.२ बुँदा नं. १४८ तथा ४.३ मा निजि क्षेत्रको सम्लग्नतामा प्राथमिकता दिन वान्छनिय भएकाले नेपाल सरकारले यो कार्यबिधि वनाई लागु गरेको छ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

परिच्छेद १

प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :-** (क) यो कार्यविधिको नाम "वृहत सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम संचालन कार्यविधि, २०७४" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट स्वीकृत भएवाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क. "सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम" भन्नाले उच्च उत्पादकत्व सहित गुणस्तरीय सुन्तलाजात फलफूल उत्पादनको उद्देश्य सहित एकीकृत वगैंचा व्यवस्थापनको सिद्धान्त अनुसार उच्च प्रविधियुक्त नर्सरी स्थापना तथा व्यवस्थापन र वैज्ञानिक तवरले वगैंचा स्थापना तथा व्यवस्थापन अन्तर्गतका विभिन्न क्रियाकलापहरु बुझाउँदछ ।

ख. "खेती" भन्नाले सुन्तलाजात फलफूल खेतीलाई सम्झनु पर्दछ ।

ग. "निर्देशनालय" भन्नाले फलफूल विकास निर्देशनालय सम्झनु पर्दछ ।

घ. "राष्ट्रिय कार्यक्रम" भन्नाले राष्ट्रिय सुन्तलाजात वालि विकास कार्यक्रम सम्झनु पर्दछ ।

ङ. "बडउड सर्टिफिकेसन (Budwood certification)" भन्नाले कलमी गर्न आवश्यक माउबोट, सायनलाई रोगमुक्त तरिकाले संरक्षण गर्ने विधि सम्झनु पर्दछ ।

च. "रोगमुक्त विरुवा" भन्नाले ग्रिनिङ्ग र ट्रिस्टीजा रोगबाट मुक्त भएको रुटस्टक, सायन र कलमी विरुवा वा विजु विरुवा सवैलाई जनाउँदछ ।

छ. "कृषक" भन्नाले सुन्तलाजात फलफूल खेती गरिरहेको ब्यक्ति सम्झनु पर्दछ ।

ज. "फर्म/कम्पनि/संस्था" भन्नाले नेपाल सरकारको कानुन बमेजिम दर्ता भएको फर्म/कम्पनि/संस्था सम्झनु पर्दछ ।

झ. "समिति" भन्नाले कार्यक्रम कार्यान्वयन समिति (केन्द्रीय स्तर) सम्झनु पर्दछ ।

ञ. "अनुदानग्राहि" भन्नाले कार्यक्रम संचालन गर्न सम्झौता पश्चातको फर्म/कम्पनि/संस्था वा कृषक सम्झनु पर्दछ ।

**३) कार्यक्रमको उद्देश्य देहाय वमेजिम हुनेछन् :-**

क. व्यवस्थापन कमीले गर्दा वर्षेनी ह्रास हुँदै गएका बगैंचाको सुधार गरि निरोगी बोटमा रोग सर्ने कार्यमा कमी भई ब्यावसायिक उत्पादन प्रवर्द्धनमा सहयोग पु-याउने।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

ख. सुन्तलाजात फलफूलको उत्पादित फलको गुणस्तर एवं परिमाणमा सुधार ल्याई उत्पादन र उत्पादकत्वमा बृद्धि गरि निर्यात प्रवर्द्धनमा सघाउ पु-याउने।

ग. बगैंचा व्यवस्थापनको लागि स्थानिय स्तरमा शिपयुक्त श्रोत ब्यक्ति तयार गर्ने ।

घ. रोग ग्रस्त बगैंचाको बोटहरु हटाई स्वस्थ्य एव गुणस्तर वगैंचा बिस्तार गर्ने तथा फर्मको क्षमता वृद्धिमा मद्धत पु–याउने ।

ङ. खाली जग्गामा सुन्तलाजात फलफूल लगाई भू–क्षय रोकथाम तथा वातावरण संरक्षण गर्ने ।

च. सुव्यवस्थित सुन्तलाजात फलफूल बगैंचाबाट कृषि पर्यटन प्रवर्द्धन गर्ने ।

## ४) कार्यक्रमबाट अपेक्षित प्रतिफल :-

(क) बड–उड–सर्टिफिकेसन बिधि अनुरुप स्वस्थ एवं गुणस्तर बिरुवा उत्पादन गर्न नीजि नर्सरीहरुमा जाली घर निर्माण भई स्वस्थ एवं गुणस्तर बिरुवा उत्पादन गर्न सहयोग पुग्ने छ।

(ख) ह्रास भएका बगैंचा सुदृढिकरण भई उत्पादन तथा उत्पादकत्वमा सुधार हुनेछ ।

(ग) संक्रामक रोगहरु सर्ने तिब्रतामा कमीआई दीगो उत्पादनका लागी सहयोग पुग्नेछ।

(घ) नमुना बगैंचा स्थापना तथा व्यवस्थापनको माध्यमवाट कृषकहरुलाई व्यवसायीक सुन्तला खेतिको लागि प्रोत्साहित गरिनेछ।

(ङ) उच्च घनत्व वगैचा (High density planting) को समस्या, चुनौती र सम्भावनाहरुको, लाभ लागत विश्लेषण (cost benefit ratio) आदिको अध्ययन तथा अनुसन्धान गरि उपयुक्त प्रविधि सिफारिस गर्न सकिनेछ ।

(च) आधुनिक सुन्तलाजात फलफूल स्रोत केन्द्रको स्थापना भएको हुनेछ ।

## परिच्छेद २

## ५) रणनिति :-

(क) सुन्तलाजात फलफूल खेती व्यवसायिक रुपमा सञ्चालन भएका ठाउँहरुमा वगैंचा काँटछाँट, मलजल, सिंचाई समेत व्यवस्थापन गरी ५० प्रतिशत भन्दा कम क्षति भएका वोटहरुलाई पुनर्जीवन दिने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ख) ५० प्रतिशत भन्दा वढि क्षति भएका बोटहरु पूर्ण रुपमा हटाई पुन नयाँ रोगमुक्त विरुवाहरु लगाउने ।

(ग) उच्च गुणस्तरिय वेर्नाको उत्पादन गरी नयाँ रोगमुक्त पकेट क्षेत्र पहिचान गरी उच्च घनत्व (३ मि × ३ मि दुरीमा लगाउने) विधिमा विरुवा रोपण गर्ने ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

(घ) नमुना बगैंचा वा श्रोतकेन्द्र स्थापना सहयोग कार्यक्रमलाई दिगो बनाउन कम्तिमा ३ बर्षसम्म निरन्तरता दिने गरि संझौता गर्ने ।

(ङ) कृषि प्राविधिक, फर्म/कम्पनि/संस्था, स्थानिय जनप्रतिनिधि समावेश गरी सहभागीतामूलक *जिल्लास्तरीय अनुगमन तथा व्यवस्थापन समिति* वनाई कार्यक्रम अनुगमन गर्ने, र प्रभावकारीरुपमा कार्यक्रम सञ्चालन गर्न लगाइने ।

(च) केन्द्रीयस्तरबाट अनुगमनको व्यवस्था मिलाई समयमै कमी कमजोरी भए, सच्याउन सहयोग गर्ने ।

## परिच्छेद ३

### ६) कार्यक्रम संचालन प्रक्रिया

#### ६.१) सुचना प्रकाशन तथा प्रस्ताव आव्हान :-

क. कार्यक्रम संचालनको लागि राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रमले सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा उल्लेख गरीए वमोजिम तोकिएका जिल्लाहरुवाट तोकिएका योग्यता पुगेका कृषि फर्म/कम्पनि/संस्थाहरुवाट प्रस्ताव आव्हानको लागि सुचना प्रकाशीत गर्नेछ ।

ख. प्रस्ताव पेश गर्न इच्छुक फर्म वा कम्पनीले सम्पुर्ण आवश्यक प्रकृया पु-याई तोकिएको अन्तिम मितिसम्म कार्यालय समयभित्र सम्वन्धित राष्ट्रिय कार्यक्रम, कीर्तिपुरमा निवेदन र सम्पुर्ण कागजात सहित खाम वन्दी गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

#### ६.२) प्रस्ताव मुल्यांकन, छनौट र सम्झौता :-

क. कार्यक्रमको लागि प्रस्तावित जिल्लाहरुवाट प्राप्त प्रस्तावहरुको **कार्यक्रम कार्यान्वयन समिति** (केन्द्रीय स्तर) ले बनाएको मूल्यांकन उपसमितिले खाम वन्दी प्रस्तावहरु खोलि मूल्यांकनको प्रक्रिया अगाडी वढाउने छ ।

ख. प्रारम्भिक मूल्यांकनको लागि उपसमिति समक्ष पेश गरिएका प्रस्तावहरुले आवश्यक न्युनतम आधारहरु पुरा गरेको नगरेको यकिन गरि पहिलो चरणमा प्रारम्भिक स्क्रिनिंग गरिनेछ ।

ग. तत्पश्चात आवश्यक न्युनतम योग्यता पुरा गरि उपसमिति द्वारा थप मूल्यांकनको लागि योग्य ठहरिएका प्रस्तावहरुको समितीले तोकिएका आधारहरुको परिधि भित्र रही स्थलगत मुल्यांकन गर्नेछ ।मुल्यांकन उपसमितिले मुल्यांकन गर्ने क्रममा आवश्यक देखिएमा थप मुल्यांकनको आधारहरु निर्माण गरि प्रस्तावहरुको मुल्यांकन गर्न सक्नेछ तर थप आधारहरु समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

सचिव

घ. अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा र आवश्यक न्युनतम योग्यता पुरा नगरेको ठहर भएमा सो प्रस्ताव रद्ध गरि अन्य वांकी प्रस्तावहरुको मुल्यांकन कार्य अगाडी वढाइनेछ ।

ङ. कार्यक्रम लागु गरिने प्रत्येक जिल्लावाट प्राप्त प्रस्तावहरुमध्ये सवैभन्दा बढी अंक प्राप्त गर्ने एक जिल्ला वाट एक फर्म वा कम्पनि गरि जम्मा २ वटा फर्म वा कम्पनिलाइ छनौट गर्नेछ । छनौट भई समितिमा पेश भएका प्रस्तावहरु पुन छलफल तथा मुल्यांकन गरि सम्झौताको लागि समितिले राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम समक्ष सिफारिस गर्नेछ । तर कम लागतका प्रस्ताव छनौट भएमा थप १ आयोजनाको फर्म/संस्था/कम्पनि छनौटमा बाधा पर्ने छैन ।

च. राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम र छनौट हुन सफल कृषि फर्म/संस्था/कम्पनिविच प्रतिस्पर्धाको आधारमा वृहद सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम संचालन कार्यबिधि, २०७४ को अधिनमा रही अनुसूची ६ वमोजिम कार्यक्रम संचालनको लागि सम्झौता गरिनेछ ।

**६.३) कार्यक्रम सञ्चालन हुने क्षेत्र छनौटका आधारहरु :-**

क. कम्तिमा ४० रोपनी जग्गामा सुन्तलाजात फलफूल बगैचा भएको र बगैंचा बिस्तार गरि१०० रोपनी सम्म गर्न मिल्ने ठाउँ भएको ।

ख. मोटर बाटो, बिजुली बत्ति, सिचाइ सुविधा भएको वा हुन सक्ने ।

ग. गुणस्तरीय, स्वस्थ्य कलमी वेर्नाको उत्पादन गर्ने नर्सरी भएको वा नर्सरी स्थापना गर्नको लागि आवश्यक पूर्वाधार तथा सम्भावना भएको ।

घ. व्यवसायिक सुन्तलाखेती प्रवर्द्धन तथा विस्तारको संभावना भएको ।

ङ. कृषि व्यवसायसँग सम्वन्धित कम्पनी वा फर्म स्थापना भएको १ वर्ष हुनु पर्ने साथै सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएको हुनु पर्ने ।

च. लगानीको श्रोतको आधारको सुनिश्चितता भएको हुनुपर्ने ।

छ. सम्वन्धित फर्म/कम्पनि/संस्थाको स्पष्ट व्यावसायिक योजना भएको हुनु पर्ने ।

**६.४) कार्यक्रम संचालन :-**

क. राष्ट्रिय कार्यक्रम, जिल्ला कृषि विकास कार्यालय र नेपाल सरकारले सम्वन्धित गाउँ/नगरपालिकाको लागि तोकेको कृषि प्राविधिकको सहयोग तथा समन्वयमा सम्झौता वमोजिम कार्यक्रम संचालन गरिनेछ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

ख. उच्च उत्पादकत्व सहितको गुणस्तरीय सुन्तला उत्पादनको लागि एकीकृत वगैंचा व्यवस्थापनको अवधारणा अनुरुप सुन्तलाजात फलफूलको विस्तार गरि नमुना फलफूल वगैंचाको स्थापना गरिनेछ । जसको लागि वैज्ञानिक वंगैचा व्यवस्थापनका सम्पूर्ण अवयवहरु (सिंचाई व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, रोग किरा व्यवस्थापन, नर्सरी व्यवस्थापन, क्यानोपी व्यवस्थापन (काँट छाँट) आदि) लाइ अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

ग. सम्झौतामा उल्लेख गरिएको स्थानमा रहेको अनुदानग्राही फर्म/कम्पनि/संस्थाको जग्गामा सम्झौता वमोजिम कार्यक्रम संचालन गरिनेछ ।

घ. सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र राष्ट्रिय कार्यक्रम को समन्वयमा फर्म/कम्पनि/संस्थाले समय तालीका बनाई कार्यक्रम संचालन गर्नेछ ।

ङ. कार्यक्रम संचालनको लागि गरिने विभिन्न क्रियाकलापहरु यस कार्यविधिमा उल्लेख गरिएको प्रावधान अनुसार र उल्लेख नगरिएका कुराहरु नेपाल सरकारको प्रचलित नियम, कानुन अनुसार हुनेछन ।

च. यस कार्यक्रम कार्यान्वयन र संयोजनको लागि कार्यक्रम कार्यान्वयन समिति (केन्द्रीय स्तर) गठन गरिने छ । समितिले आवश्यकता अनुसार बैठक बसि कार्यक्रम कार्यान्वयन गर्न सघाउ पुर्याउने छ ।

(७) संचालन हुने मुख्य मुख्य कार्यक्रम तथा प्रकृया :-

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | अनुदान प्रतिशत | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुरानो वंगैचा र नर्सरी ब्यबस्थापन | सुक्ष्म तत्व तथा कम्प्लिट मल, सामाग्री आदिमा अनुदान । | (७५ प्रतिशत अनुदान) | सम्बन्धित कृषक, स्थानिय निकाय, जि.कृ.बि.का., रा.सु.वा.वि.का. | कृषि विभागबाट प्रकाशित अनुदान विवरण (२०१७-४-२१ website) |
| २ | वगैचा बिस्तार गर्न नयाँ विरुवा रोपण | गुणस्तरिय विरुवा | (७५ % अनुदान ढुवानी सहितको मुल्यमा) | कार्यक्रम कार्यान्वयन समिति को निर्णय अनुसार | |
| ३ | बडउड सर्टिफिकेसनको लागि नर्सरी | स्क्रिन हाउस निर्माणः माउबोट संबर्धनको लागि १ गोटा, रुटस्टक विरुवा | ७५ % अनुदान | रा.सु.वा.वि.का. कीर्तिपुर, जि.कृ.वि.का. | फलफूल विरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम |

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | जालीघर निर्माण | उत्पादनका लागि १ र कलमी तथा विजु विरुवा उत्पादनका लागि १ गरि जम्मा ३ गोटाको १ सेटका दरले निर्माण प्रकृया अगाडि वढाउंदै जाने । (प्रति जालीघरमा १५ माउबोट हुनेगरी,) | | | संचालन कार्यविधि -२०७३, २०७३/६/१२ मा स्विकृत |
| ४ | रोग परिक्षण नमुना संकलन, PCR परिक्षण | क्षेत्रीय बाली संरक्षण प्रयोगशालामा वा NAST वा NARC मा पि.सि.आर ELISA परिक्षण गर्ने । | (नियमानुसार प्रयोगशालामा लाग्ने रकमको ८५% अनुदान) | सम्बन्धित कार्यालयहरु | सुन्तलाजात फलफूल खेति संबन्धि नर्मस २०७० |
| ५ | वाली संरक्षण सेवा | माटो, विउ, विरुवा उपचार गर्ने विषादी निलोतुथो, चुना आदि | ७५ % अनुदान | स्थानीय निकायमा खटिएका कृषि प्राविधिक, कृषक | कृषि विभागबाट प्रकाशित अनुदान विवरण (२०१७-४-२१ website) |
| ६ | कृषि औजार उपकरण | सिकेचर, आरी, स्प्रेयर आदि लगायतका उत्पादन सामाग्रीहरुमा | ७५ % अनुदान | सम्बन्धित कृषक, जि.कृ.बि.का | सुन्तलाजात फलफूल खेति संबन्धि नर्मस २०७० |
| ७ | माटो परिक्षण | क्षेत्रीय माटो प्रयोगशालामा माटो जांच गरे वापत खर्च हुने राजस्व रकमको | ७५ % अनुदान | सम्बन्धित कृषक, जि.कृ.बि.का | |
| ८ | सिंचाई | प्लाष्टिक पोखरी/ सिंमेन्टेड पोखरी/ पोंडलाइनर प्रयोग गरि निर्माण गरिने पोखरी/ सिंचाई पाइप/ थोपा सिंचाई/सिंचाई कुलो निर्माण | ८५ % अनुदान | सम्बन्धित कृषक, जि.कृ.बि.का | साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका-२०६१ ३.३ (संशोधन २०७०) |
| ९ | केन्द्रिय निकायबाट | आवश्यकता अनुसार | | रा.सु.वा.वि.का. | |

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुगमन निरिक्षण | | | कीर्तिपुर, सम्बन्धित विभाग तथा निर्देशनालयहरु | |
| १० | जिल्ला स्तरबाट अनुगमन निरिक्षण | आवश्यकता अनुसार | | अनुसूची १,२ मा उल्लेख भए अनुसार | |

नोटः आवश्यकता अनुसार प्रस्तावकले अन्य कार्यक्रम पनि थप गर्न सक्ने छ ।थपिएका कार्यक्रमहरुमा उत्पादन क्रियाकलापमा ५०% र उत्पादनोपरान्तमा ७५% सम्म अनुदान दिन सक्ने ।

**(८) कार्यक्रम कार्यान्वयन समिति (केन्द्रीय स्तर) को गठन :-**

(१) राष्ट्रिय सुन्तलाजात बाली बिकास कार्यक्रम, प्रमुख –संयोजक
(२) फलफूल बिकास निर्देशनालय –प्रतिनिधि सदस्य
(३) नेपाल कृषि अनुसन्धान परिषद, वागवानी अनुसन्धान महाशाखा –प्रतिनिधि सदस्य
(४) बाली संरक्षण निर्देशनालय –प्रतिनिधि सदस्य
(५) राष्ट्रिय सुन्तलाजात बाली बिकास कार्यक्रम (प्रमुखले तोकेको १ जना अधिकृत) –सदस्य सचिब

यस समितिले उपयुक्त देखेको बिषयसँग सम्बन्धित निकाय तथा ब्यक्ति बैठकमा (आर्थिक प्रशासनको समेत प्रतिनिधित्व हुनेगरी) बढिमा ३ जनासम्म आमन्त्रित गर्न सक्नेछ । केन्द्रिय समिति वा निकायका प्रतिनिधिहरु समेत सहभागी हुन सक्ने।

**(क) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :-**

(१) आवस्यकता अनुसार बैठक बस्ने (सुचना प्रकाशन, प्रस्ताव स्क्रिनिंग, प्रस्ताव मुल्यांकन, नतिजा प्रकाशन आदि)। साथै एक तीन (३) सदस्यीय मूल्याङ्कन उप समिति बनाउने र जिम्मेवारि तोक्ने। मूल्याङ्कन उपसमितिमा दुई प्राविधिक सदस्य र एक आर्थिक प्रशासन सदस्य रहनेछन ।
(२) कार्यक्रम कार्यान्वयन गर्न पेश भएका प्रस्तावको अनुसूची ३ को मापदण्ड अनुसार समिक्षा गरि उत्कृष्ट प्रस्ताव छनोट गरि राष्ट्रिय सुन्तलाजात बाली विकास कार्यक्रम समक्ष सिफारिस गर्ने ।
(३) कार्यक्रम कार्यान्वयन गर्दा विभिन्न चरणमा अनुगमन गर्ने ।
(४) प्राविधिक सरसल्लाह एवं सेवा प्रदान गर्ने, गराउने ।

**(९) प्रस्ताव पेश गर्नको लागि आवश्यक न्यूनतम योग्यता :-**

१. प्रस्ताव पेश गरेको निवेदन

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

२. नेपाली नागरिकताको प्रतिलिपि

३. कार्यक्रमको लागि निर्धारित ढाँचामा लेखिएको प्रस्ताव

४. जिल्ला कृषि विकास कार्यालयबाट कार्यक्रम संचालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र

५. प्रस्तावित कार्यक्रम संचालन गरिने कम्तिमा ४० रोपनी जग्गाको लालपुर्जाको प्रतिलिपि (फर्म/ संस्था/ कम्पनिले जग्गा भाडामा लिएर कार्यक्रम संचालन गर्न चाहेको खण्डमा कम्तिमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ)

६. फर्म/ संस्था/ कम्पनिको कागजपत्र (स्थायी लेखा न. दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता गरिएको पत्रको प्रतिलिपि, संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि) र कार्यक्रम संचालनको लागि अनिवार्य रुपमा संस्था दर्ता गरिएको कम्तिमा १ वर्ष पुगेको हुनुपर्नेछ

(नोट : माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्यांकनको लागि अगाडी वढाइने छैन)

**(१०) खर्च सम्वन्धी व्यवस्था (आर्थिक पक्ष) :-**

(१) स्वीकृत कार्यविधिको अधिनमा रही स्विकृत विनियोजित बजेटमा अधिकतम २.५% नबढ्ने गरि प्राविधिक सेवाटेवा (अनुगमन, मूल्याङ्कन, बैठकभत्ता, विज्ञापन/सूचना, कार्यालय सन्चालन तथा विविध आवश्यकतानुसार) को लागि कार्यक्रम रकमबाटै खर्च गर्न सकिने ।

(२) कार्यक्रम सञ्चालनको सम्वन्धमा उपलव्ध गराइने अनुदान रकम तथा खर्च विभिन्न क्रियाकलापको लागि यस कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

(३) अनुदानग्राही संस्थालाई आयोजनाको प्रकृति अनुसार वढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम वैंक खाता मार्फत उपलव्ध गराईनेछ ।

(४) प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २० प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ । कम्तिमा ५० प्रतिशत कार्य भए पछि दोश्रो किस्ता र १०० प्रतिशत कार्य सम्पन्न भए पछि अन्तिम किस्ता रकम उपलव्ध गराइनेछ ।

(५) किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याँङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

**(११) प्रगति प्रतिवेदन पठाउनु पर्ने :-**

कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा राष्ट्रिय कार्यक्रमले निर्देशनालय कीर्तिपुरलाई पठाउनुपर्नेछ ।

प्रगति प्रतिवेदनहरुलाई एकमुष्ट कम्पायल गरी विश्लेषणात्मक प्रतिक्रिया सहित निर्देशनालय मार्फत कृषि विभागमा पठाउनु पर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

(१२) अनुगमन सम्वन्धी व्यवस्था :-

कार्यक्रम सञ्चालन भएका क्षेत्रका कृषकहरुले के कसरी कार्यान्वयन गरेका छन् भन्ने सम्वन्धमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, क्षेत्रिय कृषि निर्देशनालय, फलफूल विकास निर्देशनालय, राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम लगायत निकायबाट सम्बन्धित कार्यक्रम संचालन क्षेत्रहरुमा नियमित अनुगमन गरिनेछ ।

## परिच्छेद ४

## विविध

(१३) <u>प्रचलित कानून लागु हुने</u>ः प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यधिवि बमोजिम हुनेछ ।

(१४) <u>बाधा अड्काउ निरुपण</u>ः यस कार्यविधिको व्याख्यामा द्बिविधा भएमा निर्देशनालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

(१५) <u>कार्यविधि संशोधन</u>ः

यस कार्यबिधि कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार समय समयमा संशोधन वा थपघट तथा खारेज गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची (१)

वृहत सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम अनुदानको सम्वन्धमा प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना।। सूचना।।।

यस कार्यालयको आर्थिक वर्ष २०७४/०७५ को बार्षिक स्विकृत कार्यक्रम अनुसार प्रतिस्पर्धाको आधारमा वृहद सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम रहेको हुँदा ईच्छुक व्यक्ति, निजि क्षेत्र, कम्पनीहरुबाट दरखास्त अव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र .......... राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम कीर्तिपुरमा तोकिएको ढाँचा (अनुसूचि २) अनुसारको कागजातहरु संलग्न राखि आवेदन एवम् प्रस्ताव आव्हान गरिन्छ । प्रस्ताव बुझाउनका लागि तथा थप जानकारीको लागि राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम कीर्तिपुरमा सम्पर्क गर्न सक्नु हुनेछ ।

सचिव

अनुसूची (२)

वृहत सुन्तलाजात अनुसन्धान, विकास र बिस्तार (श्रोत केन्द्र स्थापना) कार्यक्रम अनुदानको लागि आवेदन फाराम

श्री राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम, कीर्तिपुर

मेरो कम्पनीवाट ........................ गा.पा./न.पा., .............. जिल्ला अन्तर्गत .........................स्थानमा ............ .......परियोजना स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु .......... मध्ये रु. ................ मैले /हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .............. अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेकोछु/गरेकाछौं ।

संलग्न कागज पत्रहरु

१. रु. १० को टिकट टाँसेको अनुसूची ५ अनुसारको आवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. कार्यक्रमको लागि निर्धारित ढाँचामा लेखिएको प्रस्ताव
४. जिल्ला कृषि विकास कार्यालयवाट कार्यक्रम संचालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र
५. सम्वन्धित स्थानीय निकायको सिफारिस
६. प्रस्तावित कार्यक्रम संचालन गरिने कम्तिमा ४० रोपनी जग्गाको लालपुर्जाको प्रतिलिपि (फर्म/ संस्था/ कम्पनिले जग्गा भाडामा लिएर कार्यक्रम संचालन गर्न चाहेको खण्डमा कम्तिमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ)
७. फर्म/ संस्था/ कम्पनिको कागजपत्र (स्थायी लेखा न. दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता गरिएको पत्रको प्रतिलिपि, संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि)।
८. उद्योग,संस्था/कम्पनी दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्वर लिएको कागजको प्रतिलिपी
९. संलग्न हुन प्राविधिकको व्यक्तिगत विवरण ।
१०. परियोजनाको पूर्वाधारको (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान।
११. परियोजनाको पूर्वाधार विकास निर्माण गर्ने कार्य तालिका ।
१२. निजि, फर्म संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।
१३. सडक/बिजुली र पानीको श्रोत रहे नरहेको विवरण ।
१४. कार्य योजनाको बिबरण (अनुसूची ६ बमोजिमको) ।
१५. सम्बन्धित काम गरेको आधिकारीक पत्र ।

निवेदक

फर्म/कम्पनी :

ठेगानाः

फर्म/संस्थाको छापः

सचिव

नेपाल सरकार
भूमि व्यवस्था, कृषि तथा ... विकास मन्त्रालय
सिंहदरबार

अनुसूची (३)

**प्रस्तावहरुको मुल्यांकन मापदण्ड (Evaluation criteria for selection)**

१. कम्पनी/संस्था/फर्मको सम्वन्धित विषयको अनुभव स्थापना भएको कम्तीमा १ वर्ष भएको हुनु पर्ने । [१ बर्ष (७), २ देखि ३ बर्ष (८), ३ देखि ४ बर्ष (९), ५ देखि माथि (१०)]

२. भौगोलिक र वातावरणय उपयुक्तता (७ देखि १० )

३. व्यवसायको विस्तारको सम्भावना । [४० रोपनि (०), पहिलो २० रोपनि (२) तत् पश्चात प्रति १० रोपनि २ अंक)] (१०)

४. संचालक तथा कम्पनीको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा रहेको हकमा [(१०)] र भाडाको हकमा कम्ती १५ वर्षको लागी भाडामा लिएको संझौता हुनु पर्ने छ । [<१५बर्ष (०), १५ देखि १६ बर्ष (३), १७ देखि १८ बर्ष (४) १९ देखि २० बर्ष (५)]

५. प्राविधिक ज्ञान, अनुभव र दक्षता (५)

६. वजार संगको पहुँच (५)

७. ब्यावसायसंग सम्बन्धित भौतिक संरचना (सडक, बिजुली र सिंचाई) को व्यवस्था । एकबटा (६), दुईबटा (८), तिनवटै(१०)

८. लगानीको स्रोतको आधारको प्रमाण । (१०)

९. ब्यावसायिक योजना । (१५)

१०. प्रस्तावको समग्र स्तर र दीगोपन । (१५)

जम्मा : १००

सचिव

नेपाल सरकार
... विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची (४)
## कार्य योजना (प्रस्ताव) को संक्षिप्त ढाँचा

१. निजि फर्मको नाम र ठेगाना:

२. परियोजनाको क्षेत्रफल:

३. परियोजना सम्वन्धि अध्ययन/तालिम लिएको भए

| क्र.सं. | तालिम/अध्ययनको बिषय | अवधि देखि . . .सम्म | प्रदान गर्ने संस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. विवरण

| क्र.सं. | परियोजना विवरण | क्षमता/आकार | संख्या | अनुमानित लागत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थावाट व्यहोरिने | अनुदान माग | कुल जम्मा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

५. संलग्न हुने जनशक्तिको विवरण

| क्र.सं. | विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रु.) |
|---|---|---|---|---|
| | पुर्वाधार संचालन | | | |
| | प्राविधिक रेखदेख | | | |
| | सुरक्षा | | | |

६. कार्य योजना (मूख्य मूख्य कार्यहरु)

| क्र.सं. | क्रियाकलाप | इकाई | परिमाण | अबधि | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नयाँ सोच केही भए उल्लेख गर्नुहोस् .........................

प्रस्तावकको नाम, थर: संस्थाको छाप: (संस्थाको हकमा)

ठेगाना:

दस्तखत:

मिति:

नोट: प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

सचिव

... सरकार
... विकास मन्त्रालय
सिंहदरबार

अनुसूची (५)

प्रतिबद्धता पत्र

राष्ट्रिय सुन्तलाजात वाली विकास कार्यक्रम, कीर्तिपुरको मिति २०७४/ / को सूचना अनुसार त्यस कार्यक्रममा ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु । उक्त कार्यक्रममा छनोट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ................ वर्ष सम्म निरन्तरता दिनेछु। कार्य योजना अनुसारको कार्य नगरेमा वा ............ वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु । इतिसम्वत २०७४/ / ।गते रोज ...... शुभम् ।

नाम,थरः
संस्था भए संस्थाको नामः
ठेगानाः
दस्तखतः
मितिः
संस्थाको छापः (संस्थाको हकमा)

| दाँया | बाँया |
|---|---|
| | |

सचिव

नेपाल सरकार
... विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची (६)

## सम्झौता पत्रको नमूना

१. यो सम्झौता पत्र ............. कार्यालय............. (प्रथम पक्ष) र सम्बन्धित उद्यमी (दोश्रो पक्ष) बीच ........... परियोजना स्थापना र संचालन गरी .......... श्रोत केन्द्र स्थापना गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले .......... दिन भित्र शुरु गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलव्ध गराउनु पर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २० प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ । कम्तिमा ५० प्रतिशत कार्य भए पछि दोश्रो किस्ता र १०० प्रतिशत कार्य सम्पन्न भए पछि अन्तिम किस्ता रकम उपलव्ध गराउन पर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याँङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिक समितिले मूल्याँङ्कन गरी अन्तिम विल सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा भिजुअल) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ । प्रथम पक्षले रीतपूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मलाउने छ ।

८. कार्यक्रमको प्रगति मासिक रुपमा राष्ट्रिय कार्यक्रम र आवश्यकता अनुसार माग भएमा उपलव्ध गराउनु पर्ने छ ।

९. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई परियोजना क्षेत्रमा गर्नु पर्नेछ ।

| | |
|---|---|
| ........................... | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको नाम र छापः | कार्यालयको नाम र छापः |
| साक्षी : | साक्षी : |
| नाम, थर : | नाम, थर : |
| ठेगाना : | ठेगाना : |

सचिव